वर्ष ८, अंक २
मंसिर/पौष २०७३, December 2016

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र



## अध्यक्षको मन्तव्य

प्रिय मित्रहरु,
अध्यक्षको हैसियतमा मेरो कार्यकालको ५० प्रतिशत समय संस्थागत विकासमा व्यतित भैसकेको व्यहोरा यहाँहरूलाई विधितनै छ । संस्थाको वार्षिक कार्यक्रम तथा योजनाको सफल कार्यान्वयन हुनेमा म पूर्ण रूपमा आशावादी रहेको साथै यो सबै एक्लो प्रयासले मात्र संभव नहुने कुरा स्वीकार गरेको छु । संस्थाको वार्षिक कार्ययोजना अनुसारनै कार्य भईरहेको छ । संस्थाको काम कारवाही समितिबाट संचालित हुने भएकोले यसमा संस्थाको सचिवालय, विभिन्न समितिका सभापति र सदस्यहरूबाट हालसम्म प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत सहयोग प्राप्त गर्ने कुरामा विश्वस्त छु ।

संस्थाले मेरो नेतृत्वमा बितेको त्रैमासिकमा गरेका केही महत्वपूर्ण कार्यहरूको जानकारी गराउनु मैले आफ्नो दायित्व सम्झेको छु ।

### विद्यार्थी मामिला तथा शिक्षा

२०७३ माघ १८ गते संस्थाको इतिहासमा पहिलो पटक संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गर्ने चार्टर्ड एकाउन्टेन्टहरूकालागि चार्टर्ड एकाउन्टेन्ट्स दीक्षान्त समारोहको आयोजना गरी दीक्षित गर्ने कार्यक्रम रहेको व्यहोरा जानकारी गराउन पाउँदा मलाई निकै हर्षको अनुभूती भएको छ । समारोहमा संस्थामा अध्ययन गरी संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको योग्यता प्राप्त गर्नेहरूलाई चार्टर्ड एकाउन्टेन्टको योग्यता सहीतको उपाधी प्रदान गरिने छ । यो अवसर संस्थाको लागि ऐतिहासिक र चार्टर्ड एकाउन्टेन्टहरूलाई गर्वको विषय हुनेछ । यस समारोहले विद्यार्थी, अभिभावक र सरोकारवालाहरूलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्व बारे अझ चेतना जगाउनेमा विश्वास लिईएको छ ।

यस अवधिमा संस्थाले CAP II र CAP III तहको जून २०१६ परीक्षामा सोधिएका प्रश्नहरूको सुझाईएको उत्तरको संगालो (Suggested Answer) र २०१६ डिसेम्बर परीक्षाको लागि Revision Test Paper प्रकाशन गरेको छ । त्यसैगरी उक्त अवधिमा CAP III तहको Advance Audit and Assurance र Advance Financial Management विषयको पूनरावलोकनका साथै स्तर बृद्धि समेत गरेको छ ।

### सदस्य तथा व्यावसायिक विकास

संस्था सदस्यहरूको क्षमता अभिबृद्धिको लागि सधैनै प्रयत्नशील रहदैं आएको छ । विभिन्न कार्यक्रमहरू मार्फत सदस्यहरूको क्षमता अभिबृद्धि लगायत व्यावसायिक तवरबाट कार्य गर्न सीप विकासमा योगदान पुऱ्याउँदै आएको छ । यसै सन्दर्भमा संस्थाले सदस्यको क्षमता अभिबृद्धिको लागि अक्टोवर र नोभेम्बर २०१६ मा क्रमशः हेटौडा र घोराहीमा आरए. क्षमता अभिबृद्धि तालिम संचालन गरेको थियो । उक्त तालिम कार्यक्रमहरूमा १४ वटा नेपाल वित्तीय प्रतिवेदनमान (एन.एफ.आर.एस) बारेमा तालिम प्रदान गरिएको थियो । तालिममा म लगायत आरए. क्षमता अभिबृद्धि समितिका सभापतिको उपस्थिति रहेको थियो ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ अनुसार संस्थाले ५ र ७ डिसेम्बर २०१६ मा विदेशी चार्टर्ड एकाउन्टेन्सी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्नेहरूको लागि सदस्यता परीक्षा संचालन गरेको थियो । संस्थाको सदस्यता लिन अनिवार्य रूपमा उत्तीर्ण गर्नुपर्ने कर्पोरेट ल र एडभान्स टेक्सेशन विषयको परीक्षामा क्रमशः १८६ र १८२ जना सामेल भएका थिए ।

### संस्थागत विकास

संस्थाले २०७३ माघ १७ गते संस्थाको २० औं वार्षिकोत्सवको उपलक्ष्यमा संस्थाका सदस्य, सरकारी अधिकारी, कर्पोरेट कार्यकारीहरू,

## अन्तरकृया कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको Committee for Implementation of NFRS-Insurance, ले वीमा समिति र नेपाल विमक संघको संयुक्त आयोजनामा वीमा क्षेत्रमा NFRS लागु गर्ने सन्दर्भमा १९ डिसेम्बर २०१६ मा एक अन्तरकृया कार्यक्रम सम्पन्न भयो । अन्तरकृया कार्यक्रममा संस्थाका उपाध्यक्ष एवं उक्त समितिका सभापति सिए. प्रकाशजंग थापा, समितिका अन्य सदस्यहरू, वीमा समितिका अध्यक्ष डा. फत्तबहादुर के.सी लगायत वीमा समिति र विमक संघका उच्च तहका अधिकृतहरूको सहभागिता रहेको थियो । उक्त अन्तरकृया कार्यक्रममा चालु वर्षदेखि वीमा क्षेत्रमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गरेको सन्दर्भमा यसको कार्यान्वयनमा रहेका चुनौतिहरूको वारेमा सहभागीहरूले खुलेर आफ्नो धारणा राख्नु भएको थियो ।

## वीमा समितिका अध्यक्षसँगको बैठक

संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापाको नेतृत्वमा तीन सदस्यीय टोलीले २०७३ मंसिर १४ गते वीमा समितिका अध्यक्ष डा. फत्तबहादुर के.सीसंग बैठक गरेको थियो । सो बैठकमा चालु वर्षबाट वीमा क्षेत्रमा NFRS लागु गर्ने सम्बन्धमा विस्तृत छलफल भएको थियो ।

बैठकमा वीमा क्षेत्रमा NFRS लागु गरे पश्चात सोको विविध पक्षहरूमा पर्नसक्ने प्रभावका सम्बन्धमा समेत छलफल भएको थियो । बैठकमा सहभागी संस्थाका अन्य पदाधिकारीहरूमा पार्षद सिए. जगन्नाथ उपाध्याय निरौला र सह निर्देशक विनोद न्यौपाने हुनु हुन्थ्यो ।



वीमा समितिका अध्यक्ष लगायत संस्थाका प्रतिनिधिहरूको सामुहिक तस्वीर ।

नियमनकारी निकायहरू लगायत अन्य इच्छुक व्यक्तिहरूलाई सहभागी गराई एक दिनको Accountability for Nation Building विषयउपर सम्मेलनको आयोजना गर्न गईरहेको व्यहोरा संस्थाका सदस्य तथा सरोकारवालाहरूलाई जानकारी गराउन चाहन्छु । यस सम्मेलनको उद्देश्य सरकारी निकायसंगको सहकार्यलाई फराकिलो पार्दै सार्वजनिक क्षेत्र वित्तीय व्यवस्थापनमा प्राविधिक सहयोग प्रदान गर्न लगायत सरकारको सामाजिक तथा आर्थिक क्षेत्रको विकासमा महत्वपूर्ण योगदान दिनु रहेको छ ।

संस्थाको Committee for Implementation of NFRS- Insurance, वीमा समिति र नेपाल विमक संघको संयुक्त आयोजनामा बीमा क्षेत्रमा NFRS लागु गर्ने सम्बन्धमा १९ डिसेम्बर २०१६ मा एक अन्तरकृया कार्यक्रम सम्पन्न गरेको व्यहोरा जानकारी गराउन चाहन्छु । यस अन्तरकृयाको माध्यमले NFRS लागु गर्दा सामना गर्नुपर्ने अवसर तथा चुनौतिका सम्बन्धमा छलफलका साथै आ-आफ्नो धारणा आदान प्रदान गरिएको थियो ।

त्यसैगरी, संस्थाका उपाध्यक्ष सिए. प्रकाशजंग थापाले नेतृत्व गरेको टोलीले वीमा समितिका अध्यक्षसंग २९ नोभेम्बर २०१६ मा समितिको कार्यालयमा भेटघाट गरेको थियो । उक्त भेटघाटमा चालु बर्ष देखि वीमा क्षेत्रमा अनिवार्य रूपमा लागु भएको नेपाल वित्तीय प्रतिवेदनमानका सम्बन्धमा छलफल भएको थियो ।

विदेशी चार्टर्ड एकाउन्टेन्सी लेखाव्यवसायी संस्थाबाट सिए. परीक्षा उत्तीर्ण भई सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गरेकाहरूकालागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न अनिवार्य गरिएको एक वर्षे प्रशिक्षण कार्यक्रममा अक्टोवर देखि डिसेम्बर २०१६ सम्म कूल ३१ जनाले संस्थामा नाम दर्ता गराएका छन् ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अनुसार अक्टोवर २०१६ देखि डिसेम्बर २०१६ सम्ममा संस्थाले कूल ३९ जना नयाँ चार्टर्ड एकाउन्टेन्टहरूलाई संस्थाको सदस्यता प्रदान गरेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

### अन्तर्राष्ट्रिय सम्बन्ध

संस्थाले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो छवी उच्च राख्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा आफ्नो उपस्थिति जनाउँदै आएको छ । त्यसैगरी विदेशी लेखाव्यावसायी संस्थाहरूसंग सम्बन्ध स्थापित गर्न नियमित रूपमा ती संस्थाहरूले संचालन गरेका सेमिनार, सम्मेलन, बैठक तथा अन्य कृयाकलापमा समय समयमा भाग लिंदै आईरहेको छ ।

यसै क्रममा यस अवधिमा संस्थाका सह निर्देशकले डिसेम्बर २०१६ मा श्रीलंकामा सम्पन्न भएको SAFA BPA Conference and Marking Meeting र SAFA ITAG Meeting मा भाग लिनुभएको थियो ।

मेरो नेतृत्वमा गएको पाँच सदस्यीय टोलीले बाज्रिलको ब्राजिलीयामा १६ र १७ नोभेम्बरमा २०१६ संचालन भएको IFAC Council Meeting मा भाग लिएको जानकारी गराउन चाहन्छु ।

त्यस्तै संस्थाका पार्षद र संस्थाका पूर्व अध्यक्ष संलग्न टोलीले ३ नोभेम्वर २०१६ देखि ४ नोभेम्बर २०१६ सम्म श्रीलंकाको राजधानी कोलम्वोमा The Institute of Chartered Accountants of Sri Lanka ले आयोजना SAFA Committee Meetings, SAFA Board Meeting तथा SAFA International Conference on Implementation of IPSAS and Path to Accrual Accounting कन्फरेन्समा भाग लिएको जानकारी गराउन चाहन्छु ।

नेपालका दुई संस्थाहरू सिटिजन बैंक ईन्टरनेशनल लि. र बुटवल पावर कम्पनीले साफा वीपीए अवार्ड २०१५ अन्तर्गत साफा स्तरीय मेरिट अवार्ड प्राप्त गर्न सफल भएको व्यहोरा जानकारी गराउँदछु । यी दुई संस्था राष्ट्रिय वीपीए अवार्ड २०१५ मा बैंकिङ्ग र साधारण क्षेत्र अन्तर्गत विजयी घोषित भएका थिए ।

म यसै गरी अर्को त्रैमासिकमा पनि यहाँहरूलाई संस्थाले हासिल गरेका विविध महत्वपूर्ण गतिविधिहरू निरन्तर रूपमा जानकारी गराउँदै जानेछु ।

धन्यवाद ।

सिए. महेश खनाल
अध्यक्ष

## नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) सम्बन्धी तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले दर्तावाल लेखापरीक्षकहरूको क्षमता अभिवृद्धि गर्ने अभिप्रायले २०७३ कार्तिक ६ देखि ८ सम्म हेटौडा, मकवानपुरमा र २०७३ मंसिर ३ देखि ५, घोराही, दाङ्गमा तीन - तीन दिनको तालिम संचालन गऱ्यो ।



संस्थाका अध्यक्ष सिए.महेश खनाल कार्यक्रममा सम्बोधन गर्नुहुँदै ।

उक्त अवधिमा NFRS का १४ मानहरूका बारेमा तालिम संचालन गरिएको थियो । तालिमका सहभागी संख्या र श्रोत व्यक्तिहरू निम्न अनुसार रहनुभएको थियो ।

| क्र.सं | मिति | स्थान | सहभागी संख्या | श्रोत व्यक्ति |
|---|---|---|---|---|
| १ | २०७३ कार्तिक ६ देखि ८ | हेटौडा (मकवानपुर) | २१ | सिए. मुकुन्द देव अधिकारी र सिए. उमेश ढकाल |
| २ | २०७३ मंसिर ३ देखि ५ | घोराही (दाङ्ग) | ४१ | सिए. विष्णु प्रसाद भण्डारी र सिए. मुकुन्द देव अधिकारी |



आरए क्षमता अभिवृद्धि समितिका सभापति आरए. सूर्यप्रसाद अधिकारी कार्यक्रममा सम्बोधन गर्नुहुदैं ।

हेटौडामा संचालित तालिम कार्यक्रममा संस्थाका अध्यक्ष सिए महेश खनाल सहभागी हुनुभएको थियो भने दर्तावाल लेखापरीक्षक क्षमता अभिवृद्धि समितिका सभापति आरए. सूर्यप्रसाद अधिकारी हेटौडा तथा घोराहीमा संचालित दुवै तालिम कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

## संस्थाको प्रथम दीक्षान्त समारोह

संस्थाले आफ्नो स्थापना भएपछि पहिलो पटक २०७३ माघ १८ गते संस्थाबाट उत्तीर्ण चार्टर्ड एकाउन्टेन्टहरूको प्रथम दीक्षान्त समारोह आयोजना गर्न गईरहेको छ । यस अवसरमा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेकाहरूलाई दीक्षित गरिने छ । यो घटना संस्थाको लागि ऐतिहासिक र चार्टर्ड एकाउन्टेन्टहरूको लागि गर्वको विषय हुनेछ । यस समारोहको आयोजनाबाट नेपालमा चार्टर्ड एकाउन्टेन्सी शिक्षाबारेमा अझ चेतना जगाउन सहयोग पुग्ने आशा गरिएको छ ।

## Conference on Accountability for Nation Building

संस्थाले आफ्नो २०औं बार्षिकोत्सवको उपलक्ष्य पारेर २०७३ माघ १७ गते Accountability for Nation Building सम्बन्धी कन्फरेन्सको आयोजना गर्न गईरहेको छ । यस कन्फरेन्समा संस्थाका सदस्य, सरकारी अधिकारीहरू, कर्पोरेट क्षेत्रका व्यक्तिहरू, नियमनकारी निकायहरू र अन्य ईच्छुकहरूको सहभागिता रहने छ ।

## विद्यार्थी सम्बन्धी समाचार

### सदस्यता परीक्षा सम्पन्न

संस्थाले २०१६ डिसेम्बर महिनामा संचालन गरेको सदस्यता परीक्षा सम्पन्न भएको छ । डिसेम्बर ५ र ७ मा काठमाडौंमा संचालित Corporate Law and Advanced Taxation विषयको परिक्षार्थी र परीक्षामा सामेल संख्या निम्न अनुसार रहेको थियो ।

| मिति | विषय | परीक्षार्थी संख्या | परीक्षामा सामेल |
|---|---|---|---|
| डिसेम्बर ५, २०१६ | Corporate Law | २२० | १८६ |
| डिसेम्बर ७, २०१६ | Advanced Taxation | २२३ | १८२ |

विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गर्नेहरूले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गर्न अनिवार्य रूपमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४० बमोजिम सदस्यता परीक्षा उत्तीर्ण गर्नुपर्ने व्यवस्था रहेको छ । हाल भारतको ICAI बाट चार्टर्ड एकाउन्टेन्सी शिक्षा उत्तीर्ण गर्नेहरूले संस्थाको सदस्यताको लागि परीक्षा दिंदै आएका छन् ।

### संस्थाको चार्टर्ड एकाउन्टेन्सी परीक्षा सम्पन्न

संस्थाले २०१६ डिसेम्बर महिनामा संचालन गरेको बिभिन्न तहको चार्टर्ड एकाउन्टेन्सी परीक्षा सम्पन्न भएको छ । डिसेम्बर १ देखि ९, २०१६ सम्म काठमाडौं लगायत संस्थाका विभिन्न शाखाहरू बिराटनगर, पोखरा, बुटवल, वीरगंज स्थित शाखामा निम्न अनुसार परीक्षा संचालन भएको थियो ।

| स्थान | काठमाडौं | विराटनगर | पोखरा | वीरगंज | बुटवल |
|---|---|---|---|---|---|
| संचालित परीक्षाको तह | CAP I, CAP II & CAP III | CAP I, CAP II | CAP I, CAP II | CAP I | CAP I |

चार्टर्ड एकाउन्टेन्सी परीक्षाको लागि आवेदन दिने र परीक्षामा सामेल हुने विभिन्न तहका परीक्षार्थीहरूको स्थिति निम्न अनुसार रहेको थियो ।

| तह | आवेदन/सामेल | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| CAP I | परीक्षाको लागि प्राप्त आवेदन | | | | ६०९ |
| | परीक्षामा सामेल | | | | ५७६ |
| CAP II | परीक्षाको लागि प्राप्त आवेदन | ९१८ | ४३० | २५० | १५९८ |
| | परीक्षामा सामेल | ८८४ | ३५१ | २११ | १४४६ |
| CAP III | परीक्षाको लागि प्राप्त आवेदन | १९८ | २१९ | १२७ | ५४४ |
| | परीक्षामा सामेल | १८९ | १९५ | ९४ | ४७८ |

बिभिन्न तहका लागि निवेदन दिने कूल २७५१ परीक्षार्थी मध्ये कम्तिमा एक विषयको परीक्षामा सामेल हुने बिद्यार्थी संख्या २५०० रहेको थियो ।

### लेखाप्राविधिज्ञ परीक्षाको नतीजा प्रकाशित

२०१६ सेप्टेम्बर मा संचालन भएको लेखाप्राविधिज्ञ परीक्षाको नतिजा २०१६ नोभेम्वर २८ मा लेखाप्राविधिज्ञ विनियमावली, २०६७ बमोजिम प्रकाशित भयो । नतिजाअनुसार २ परीक्षार्थी उत्तीर्ण भएका छन् । विनियमावली अनुसार लेखाप्राविधि परीक्षा उत्तीर्ण गरी संस्थाले निर्धारण गरेको आवश्यक प्रकृया पूरा गरे पश्चात संस्थाद्वारा प्रदान गरिने अनुमति पत्रको आधारमा तोकिएअनुसार लेखापरीक्षण गर्न पाउने छन् । लेखाप्राविधिज्ञको परीक्षा वर्षमा दुईपटक मार्च तथा सेप्टेम्वरमा संचालन हुने गरेको छ ।

### ISA Assessment Test

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले ICAI को प्राविधिक सहयोगमा २४ डिसेम्बर, २०१६ मा ISA Assessment Test संचालन गऱ्यो । सो टेष्टमा कूल ४ सिए सदस्यहरू सहभागी भएका थिए ।

## विद्यार्थी भर्ना स्थिति

संस्थामा सिए. अध्ययन गर्न चाहने विद्यार्थीहरूको भर्नामा भएको क्रमिक बृद्धिले संस्थाले प्रदान गर्दै आएको गुणस्तरीयतालाई बल पुगेको छ । चार्टर्ड एकाउन्टेन्टहरूको बढ्दो मागको साथै यस शिक्षाप्रति विद्यार्थीहरूको चाहना बढेको देखिन्छ । अक्टोवर १ देखि डिसेम्बर २०१६को अन्तसम्ममा संस्थामा कूल ३६३ जनाले चार्टर्ड एकाउन्टेसी कोर्षमा नाम दर्ता गराएका छन् ।

## हलटेष्ट संचालन

संस्थाले अक्टोवर २०१६ देखि डिसेम्बर २०१६ सम्ममा CAP II तथा CAP III तहका कूल १२ हलटेष्ट संचालन गऱ्यो । सम्बन्धित तहको फाईनल परीक्षामा सहभागी हुनको लागि CAP II तथा CAP III तहका बिद्यार्थीहरूले हलटेष्ट उत्तीर्ण गर्नुपर्ने अनिवार्य व्यवस्था छ । तीन महिनाको अवधिमा संचालित १२ हलटेष्ट अन्तर्गत कुनै न कुनै विषय गरी कुल ३६५३ बिद्यार्थीहरुको सहभागिता रहेको थियो ।

## एक वर्षे प्रशिक्षण

अक्टोवर २०१६ देखि डिसेम्बर २०१६ सम्मको अवधिमा विदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी कोर्ष पूरा गरेका ३१ जनाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४१ (क) बमोजिम एक वर्षको प्रशिक्षणको लागि संस्थामा आफ्नो नाम दर्ता गराएका छन् । यस प्रकारको प्रशिक्षण लिनुपर्ने व्यवस्था नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को पाचौं संशोधनद्वारा गरिएको हो ।

## अध्ययन सामाग्री प्रकाशन

संस्थाले CAP III तहको Advance Financial Management / Advance Audit & Assurance विषयको अध्ययन सामग्रीलाई अद्यावधिक गरी संस्थाले आफ्नो website मा राखेको छ ।

## करीयर काउन्सलिङ्ग

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी विविध पक्ष बारेमा चार्टर्ड एकाउन्टेन्सी अध्ययन गर्न इच्छुक बिद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले उपत्यका बाहिर नुवाकोट, धादिङ्ग, वीरगंज र बिराटनगरमा विभिन्न मितिमा करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गऱ्यो । कार्यक्रम अवधिमा चार्टर्ड एकाउन्टेन्ट सम्बन्धी विविध पक्षहरू जस्तै चार्टर्ड एकाउन्टेन्सी शिक्षा प्राप्त गरेपछि भविष्यमा संभावित बृत्ति विकासका अवसरका साथै चार्टर्ड एकाउन्टेन्सी अध्ययन गर्नको निमित्त आवश्यक शैक्षिक योग्यता एवं पूरा गर्नुपर्ने आवश्यक प्रकृया आदिका सम्बन्धमा जानकारी गराएको थियो । संस्थाका अधिकारीहरूद्वारा अक्टोवर २०१६ देखि डिसेम्बर २०१६ को अवधिमा संचालित कार्यक्रममा करीव एक ८०० जनाले चार्टर्ड एकाउन्टेन्सी शिक्षा वारेमा जानकारी लिएका थिए ।

# सदस्य सम्बन्धी समाचार

## सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था सम्बन्धमा

२०७३ श्रावण १ देखि पुष १५, २०७३ सम्म कायम सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको नवीकरणको स्थिति निम्न बमोजिम रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| एफसिए /सिए | १०४१ | ७११ | ७५७ | ३७९ | ६७० | ३५९ |
| आरए. बी | ३३७९ | १८१७ | ३१४७ | १३६७ | १६७९ | १३६८ |
| आरए. सी | १६०३ | ८०४ | १४७१ | ६६२ | ८४५ | ६६१ |
| आरए. डी | २२८३ | ११७७ | २०९१ | १०३९ | १२१३ | १०३७ |
| कूल सदस्य | ८३०६ | ४५०९ | ७४६६ | ३४७७ | ४४०७ | ३४२५ |

## संस्थामा नयाँ दर्ता चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुको नामावली

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४४ बमोजिम जुलाई १ देखि सेप्टेम्बर २०१६ अन्तसम्ममा संस्थामा नयाँ दर्ता भएका ३९ चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूको नामावली निम्न अनुसार रहेको छ ।

LIST OF ALL CA MEMBERS'

| Sno | MemNo | Name |
|---|---|---|
| 1 | 1010 | SANTOSH REGMI |
| 2 | 1011 | CHIRANJIBI PANDEY |
| 3 | 1012 | NIRANJAN BHANDARI |
| 4 | 1013 | PRABIN RAI |
| 5 | 1014 | ANANDA ADHIKARI |
| 6 | 1015 | GHANSHYAM KAFLE |
| 7 | 1016 | GIRI RAJ KANDEL |
| 8 | 1017 | SAMIR RAJ SATYAL |
| 9 | 1018 | SURAJ GURAGAIN |
| 10 | 1019 | SANGAM DULAL |
| 11 | 1020 | SUNIL PANDEY |
| 12 | 1021 | PREM PRASAD REGMI |
| 13 | 1022 | SARITA DUWAL |
| 14 | 1023 | ARJAN ADHIKARI |
| 15 | 1024 | SUDIP PAUDEL |
| 16 | 1025 | SANJEEV PRAJAPATI |
| 17 | 1026 | SUDEEP BHATTA |
| 18 | 1027 | BISHAL PANTHI |

| | | |
|---|---|---|
| 19 | 1028 | ANUJ DUTTA |
| 20 | 1029 | SANDHYA SINGH |
| 21 | 1030 | UJJWAL SHAHI |
| 22 | 1031 | PRATIMA BHANDARI |
| 23 | 1032 | SHREEJANA POUDYAL |
| 24 | 1033 | SATISH SUBEDI |
| 25 | 1034 | ROSHANI AMATYA |
| 26 | 1035 | JITESH BHANDARI |
| 27 | 1036 | SANJAY GYAWALI |
| 28 | 1037 | PRABIN BARAL |
| 29 | 1038 | RASHMI GIRI |
| 30 | 1039 | PRERANA KHAREL |
| 31 | 1040 | LALITA PYATHA |
| 32 | 1041 | RAJAN BABU BHATTA |
| 33 | 1042 | SUYOGYA BHANDARI |
| 34 | 1043 | BIMAL THAPA |
| 35 | 1044 | NIRMAL KARKI |
| 36 | 1045 | REEGA SHRESTHA |
| 37 | 1046 | ABHYAS BUDHATHOK |
| 38 | 1047 | GOPAL PANGENI |
| 39 | 1048 | SURENDRA PATHAK |

## अन्तर्राष्ट्रिय समाचार

**SAFA Committee Meetings, SAFA Board Meeting तथा SAFA International Conference**

The Institute of Chartered Accountants of Sri Lanka ले ३ नोभेम्वर २०१६ देखि ५ नोभेम्वर २०१६ सम्म श्रीलंकाको राजधानी कोलम्वोमा SAFA Committee Meetings, SAFA Board Meeting तथा SAFA International Conference on Implementation of IPSAS and Path to Accrual Accounting को आयोजना गरेको थियो । साफाका बिभिन्न बैठकहरू तथा सम्मेलनमा संस्थाको तर्फबाट पार्षद श्री बाबुराम गौतम र साफा बोर्ड सदस्य एवं संस्थाका पूर्व अध्यक्ष सिए. सुवोध कुमार कर्णले भाग लिनुभएको थियो । त्यसैगरी निजी खर्चमा पूर्व अध्यक्ष सिए. महेश गुरागाई र पूर्व पार्षद आरए. बद्रिप्रसाद भट्टराईले समेत सम्मेलनमा भाग लिनुभएको थियो ।

सम्मेलनमा सार्वजनिक क्षेत्रमा उच्च गुणस्तरीय वित्तीय प्रतिवेदनको महत्वका सम्बन्धमा छलफल गर्न दक्षिण एशियाका मुलुकहरूबाट २०० भन्दा बढीको सहभागिता रहेको थियो ।

## IFAC Council Meeting

संस्थाको तर्फबाट अध्यक्ष सिए. महेश खनालको नेतृत्वमा पाँच सदस्यीय टोलीले १६ देखि १७ नोभेम्वर २०१६ सम्म ब्राजिलको ब्राजिलिया सहरमा सम्पन्न भएको IFAC Council Meeting मा भाग लियो ।




संस्थाको तर्फबाट IFAC परिषद् बैठकमा सहभागीहरू

भ्रमण टोलीका अन्य सदस्यहरूमा उपाध्यक्ष सिए. प्रकाशजंग थापा, निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्साल पार्षद आरए. यादवप्रसाद न्यौपाने र पूर्व पार्षद आरए. मोहनराज रेग्मी रहनुभएको थियो । निवर्तमान अध्यक्ष सिए. प्रकाश लम्साल पार्षद आरए. यादवप्रसाद न्यौपाने र पूर्व पार्षद आरए. मोहनराज रेग्मीले निजी खर्चमा कार्यक्रममा सहभागिता जनाउनुभएको थियो ।

## SAFA BPA Conference Marking तथा SAFA ITAG Committee Meeting

७ देखि ८ डिसेम्वर २०१६ सम्म श्रीलंकाको कोलम्वोमा SAFA BPA Conference Marking तथा SAFA ITAG Committee Meeting सम्पन्न भयो । उक्त कार्यक्रममा संस्थाको तर्फबाट संस्थाका प्राविधिक सह निर्देशक सिए. पुष्पेन्द्र सिंह सहभागी हुनुभएको थियो ।

SAFA BPA Conference Marking Meeting ले तय गरेको आधार र मूल्याङ्कन बमोजिम नेपाली कम्पनीहरू सिटिजन बैंक ईन्टरनेशनल लि. र बुटवल पावर कम्पनी साफा स्तरीय साफा बीपीए अवार्ड २०१५ अन्तर्गत मेरिट अवार्ड प्राप्त गर्न सफल भएका थिए । संस्थाले सिटिजन बैंक ईन्टरनेशनल लि. र बुटवल पावर कम्पनीलाई क्रमश: बैंकिङ्ग क्षेत्र र जनरल क्षेत्र अन्तर्गत राष्ट्रिय बीपीए अवार्ड २०१५ को लागि उत्कृष्ट घोषणा गरेको थियो ।

**एकल फर्म तथा साझेदारी फर्म खोल्ने व्यवस्थामा भएको संशोधन सम्बन्धी अत्यन्त जरूरी सूचना !**

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा भएको पाँचौं संशोधन अनुसार यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले एकै समयमा एक भन्दा बढी एकल फर्म खोल्न वा एक भन्दा बढी साझेदारी फर्मको साझेदार हुन नपाउने व्यवस्था गरेको छ । एकल फर्म भएका सदस्यहरुले साझेदारी लेखाव्यवसायी फर्ममा साझेदार हुन चाहेमा एकल फर्म निष्कृय गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी निस्कृय भएको एकल फर्म नवीकरण गर्न चाहेमा नवीकरण गर्न सकिनेछ तर सो एकल फर्मको नामबाट साझेदारी फर्मको साझेदार रहँदासम्म लेखाव्यवसाय गर्न भने पाईने छैन ।**

**तसर्थ कुनै सदस्य एक भन्दा बढी लेखाव्यवसायी फर्ममा संलग्न रहेको भए मिति २०७४ साल असार मसान्त भित्र एकल लेखाव्यवसायी फर्म वा एक मात्र साझेदारी लेखाव्यवसायी फर्ममा संलग्नता रहने गरी व्यवस्था मिलाइ सक्नुपर्नेछ अन्यथा त्यस्ता सदस्यहरुको लेखाव्यवसायी फर्म २०७४ श्रावण १ गतेबाट नवीकरण नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**

# सूचना

**आ. ब. २०७३/७४ को सी.पी.ई तालिम कार्यक्रम**

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आ.ब. २०७३/७४ मा संचालन हुने तालिमहरु निम्न मिति र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | मिति | स्थान | संचालन गर्ने संस्था |
|---|---|---|---|
| १. | २०७३ माघ ७, ८ र ९ | कन्चनपुर/भैरहवा | AUDAN/ AUDAN |
| २. | २०७३ माघ २८, २९ र फागुन १ | धनगढी /ईलाम | AUDAN/ AUDAN |
| ३. | २०७३ फागुन ६, ७ र ८ | सुर्खेत/ पोखरा/ दाङ्ग | AUDAN/ AUDAN/ ICAN |
| ४. | २०७३ फागुन २०, २१ र २२ | नारायणघाट/विर्तामोड | AUDAN/ ICAN |
| ५. | २०७३ चैत्र ४, ५ र ६ | बिराटनगर/ वीरगन्ज | AUDAN/ PS |
| ६. | २०७३ चैत्र ११, १२ र १३ | बुटवल/हेटौंडा | ICAN/ CAI |
| ७. | २०७३ चैत्र १८, १९ र २० | जनकपुर/ काठमाडौं | AUDAN/ ICAN |
| ८. | २०७३ चैत्र २५, २६ र २७ | नेपालगंज | ICAN |
| ९. | २०७४ वैशाख ८, ९ र १० | बिराटनगर | AUDAN |
| १०. | २०७४ वैशाख १५, १६ र १७ | काठमाडौं/पोखरा | AUDAN/ ICAN |
| ११. | २०७४ वैशाख २९, ३० र ३१ | काठमाडौं | ICAN |
| १२. | २०७४ जेठ १२, १३ र १४ | काठमाडौं | AUDAN |
| १३. | २०७४ जेठ १९, २० र २१ | काठमाडौं | CAI |
| १४. | २०७४ जेठ २६, २७ र २८ | काठमाडौं | PS |
| १५. | २०७४ असार २, ३ र ४ | काठमाडौं/काठमाडौं | ICAN/ AUDAN |
| १६. | २०७४ असार ९, १० र ११ | काठमाडौं/काठमाडौं | ICAN/ AUDAN |
| १७. | २०७४ असार १६, १७ र १८ | काठमाडौं/काठमाडौं | ICAN/ AUDAN |

पूनश्च : प्राविधिक कारणले उपरोक्त समय तालिकामा हेरफेर हुन सक्ने छ । हेरफेर भएको अवस्थामा सुचना मार्फत जानकारी गराइने छ ।

**विस्तृत जानकारीको लागि सम्पर्क :**

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था** फोन नं: ०१ ५५३०८३२, ५५३०७३०
**अडान** फोन नं: ०१ ४१०२०२३
**सिएआई** फोन नं: ०१ ४१६८०५१, ४१६८३१२
**पि.एस** फोन नं: ०१ ४७८५२१९, ९८४१५५८३९०

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर पो. ब. नं. ५२८९ (काठमाडौं), फोन: ०१-५५३०८३२ ५५३०७३०
फ्याक्स: ००९७७ १ ५५५०७७४, इमेल: ican@ntc.net.np, वेबसाइट: www.ican.org.np
शाखाहरू: विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज